'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा

हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

www.rekhadekh.com

प्रेस काउन्सिल नेपालद्वारा 'ख' मा बर्गिकृत

साप्ताहिक

वर्ष ५ | अंक २५ रुकुम | २०७६ जेठ २० सोमबार | 3 June 2019 Monday | मुल्य २० | पृष्ठ ६

रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा

सूचना तथा विज्ञापन छपाई गर्नु परेमा

पत्रिका नियमित नआएमा

समाचार तथा विचार छपाई गर्नु परेमा

सर्म्पकको लागि :
९८५१२३६७१३,९८४७८७६७१३
Email-info@rekhadekh.com



राजनीतिक अराजनीति २



त्रिवेणी गाउँपालिका पनि छुवाछूत मुक्त घोषणा ४



दुनियाँका अनौठा रेस्टुरेन्ट ६

## चार वर्षको अवधीमा

# साढे ५ करोड रुपैयाँको बीउ निर्यात

चार वर्षको अबधीमा तरकारी बीउ १ सय २२ दशमलव ९३५ र खाद्यान्न (मकै, धान र गहुँ) को बीउ ३ सय ८१ दशमलव ५८ मेट्रिटन गरी जम्मा ५ सय ४ दशमलव ५१५ मेट्रिटन बीउ निर्यात गरिएको छ ।

**प्रवीर ददेल/रेखदेख**
**रुकुम**

रुकुम पश्चिमबाट चार वर्षमा झण्डै साढे ५ करोड रुपैयाँको बीउ निर्यात गरिएको छ। चार वर्षको अबधीमा तरकारी बीउ १ सय २२ दशमलव ९३५ र खाद्यान्न (मकै, धान र गहुँ) को बीउ ३ सय ८१ दशमलव ५८ मेट्रिटन निर्यात गरिएको छ। जसबाट रु. ५ करोड ५३ लाख ५० हजार ८ सय रुपैयाँको बीउ निर्यात गरिएको जनाएको छ।

किसानको लागि उन्नत बीउ बीजन कार्यक्रम कृषि उद्यम केन्द्र लगानी द्धार कार्यालय रुकुम पश्चिमका जिल्ला कृषि व्यवसाय विकास सल्लाहकार राजु लामिछानेका अनुसार -'गाउँ-गाउँमा गठन गरिएका कृषि समूह तथा सहकारी संस्थाहरुले उत्पादन गरेको उक्त रकमको बीउ जिल्ला बाहिर निर्यात गरेका हुन्।'

गत आर्थिक वर्ष २०७२/०७३ मा रु.१ करोड ४१ लाख ७१ हजार ९ सय ६० रुपैयाँ बराबरको बीउ बिक्री गरिएको थियो। त्यस्तै गत आ.व.२०७३/०७४ मा रु.२ करोड २० लाख ४२ हजार ७ सय ७० रुपैया, आ.व.२०७४/०७५ मा १ करोड ३८ लाख ६४ हजार २ सय ८० र चालू आर्थिक वर्ष २०७५/०७६ को १० महिनामा ५२ लाख ७१ हजार ८ सय रुपैयाँको बीउ बिक्री गरिएको जनाएको छ।

सबैभन्दा वढी आर्थिक वर्ष २०७३/७४ मा १ सय ८९ दशमलव ७७ मेट्रिटन बीउ निर्यात गरिएको थियो । त्यस्तै आ.व. २०७२/०७३ मा ८४.८३ मेट्रिटन, आ.व.२०७४/०७५ १२१ दशमल २२ मेट्रिटन र चालू

| क्र.स. | आर्थिक वर्ष | बीउ निर्यात विवरण | रकम |
|---|---|---|---|
| १. | २०७२/०७३ | ८४.८३ मेट्रिटन | रु.१,४१,७१,९६०। |
| २. | २०७३/०७४ | १८९.७७ मेट्रिटन | रु.२,२०,४२,७७०। |
| ३. | २०७४/०७५ | १२१.२२ मेट्रिटन | रु.१,३८,६४,२८०। |
| ४. | २०७५/०७६ | १०८.६९५ मेट्रिटन | रु.५२,७१,८००। |
| जम्मा | | ५०४.५१५ मेट्रिटन | रु.५५३५,०८१०। |

स्रोत : किसानको लागि उन्नत बीउ बीजन कार्यक्रम कृषि उद्यम केन्द्र लगानी द्धार कार्यलय रुकुम पश्चिम

आर्थिक वर्ष २०७५/७६ को १० महिनामा १ सय ८ दशमलव ६९५ मेट्रिटन बीउ निर्यात गरिएको छ। बर्षौंदेखी उत्पादन बीउले बजार र मुल्य नपाउने समस्या भोग्दै आएका किसानहरु पूर्व खरिद सम्झौता र मुल्य निर्धारण गरेर मात्र व्यवसायी गरेका कारण विक्री वितरण र मुल्यमा समस्या नभएको स्थानीय किसान ज्ञानबहादुर ओलीले बताएका छन्।

बीउ विक्री वितरण र मुल्यमा समस्या छैन, किसान ओलीले भने, 'पूर्व खरिद सम्झौताले किसानलाई सजिलो बनाएको छ।'

पछिल्लो समय बीउ बिक्रीमा समस्या नभएपछि किसानहरु समूह तथा सहकारी मार्फत व्यवसायीक बीउ उत्पादनमा लागेका छन्।

रुकुम पश्चिमका ३६ वटा तरकारी बीउ उत्पादन कृषि सहकारी संस्था र १ सय ४१ वटा खाद्यान्न बीउ उत्पादन सहकारी तथा कृषि समूहले व्यवसायीक रुपमा बीउ उत्पादनमा आवद्ध रहेका छन् । विशेषगरी तरकारीमा प्याज, मुला, काउली, रायो, चम्सुर केराउ र सीमी



उत्पादन तथा विक्री वितरण हुँदै आएका छन् । भने खाद्यान्न बीउ मकैमा मनकामना-३ र रामपुर कम्पोजिट, धानमा खुमल -४ र सामधान उत्पादन हुँदै आएको छ। त्यस्तै गहुँबालीमा स्वर्गद्धारी धौलागिरी, गौतम र डब्लुके-१२०४ जातको बीउ उत्पादन हुने गरेका छन्।

रुकुम पश्चिममा उत्पादन भएका बीउहरु गुनस्तरिय हुने भएका कारण यसको माग समेत अत्याधिक रहेको जिल्ला कृषि व्यवसाय विकास सल्लाहकार लामिछानेले बताए। रुकुमका किसान समूह तथा सहकारी संस्थाले उत्पादन गरेको बीउ खरिद गर्न रुकुमेली एग्रो सिड प्रा.लि. दाङ र पंचशक्ति बीउ कम्पनी धनगडीले अग्रिम सम्झौता गरेका छन्। बीउको गुणस्तर कायम राख्न बीउ परिक्षण गरेर मात्रै विक्री वितरण हुने गरेको छ । किसानको लागि उन्नत बीउ बीजन कार्यक्रम रुकुम पश्चिमले यहाँका ६ वटै स्थानीय तहमा कार्यक्रम लागू गरेको छ । यस कार्यक्रम मार्फत बीउ उत्पादनको लागि कृषि प्रविधी, सिँचाई र बजारीकरणमा काम गदै आएको छ।

**रेखदेखको ग्राहक बन्न**

रुकुम (पश्चिम) :
९८२१५६६९९२

रुकुम (पूर्व) :
९८६९९८३२२८
९८२४५२०१०९

बहुउद्देश्यीय सेवा सर्म्पक प्रा.लि.
९८४४९१७४८५

कसैले कुनै पनि व्यक्तिलाई जात, जाती, बंश, समुदाय, पेशाका आधारमा व्यवसाय गर्न, कुनै पनि धार्मिक कार्य गर्न बस्तु वा सेवा, सुविधा उत्पादन विक्री बितरण गर्न प्रतिबन्ध वा रोक लगाउन वा कुनै पेशा गर्न बाध्य पार्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

# साढे एक करोड रूपैयाँ राजश्व संकलन



**रेखदेख संवाददाता**
**मुसीकोट**

रुकुमको एक स्थानीय तहले लक्ष्य भन्दा वढी राजश्व संकलन गरेको छ । रुकुम पश्चिमको आठविसकोट नगरपालिकाले चालू आर्थिक वर्ष २०७५/०७६ को १० महिनामा १ करोड ५५ लाख २८ हजार ३ सय ८७ रुपैयाँ ८७ पैसा राजश्व संकलन गरेको आठविसकोट नगरपालिकाले जानकारी गराएको छ।

आठविसकोट नगरपालिको चालू आर्थिक वर्षमा रु. १ करोड ५० लाख रुपैयाँ राजश्व संकलन गर्ने लक्ष्य राखेको नगर प्रमुख गोरखबहादुर केसीले जानकारी दिएका छन्। उनले भने, 'गत साउन देखी बैशाख मसान्त सम्मको १० महिनाको अवधीमा लक्ष्य भन्दा वढी राजश्व संकलन गरेको छ।' जसमध्ये आन्तरिक राजश्वको स्रोततर्फ वडा कार्यालयबाट संकलित रू ४२ लाख ३८ हजार ९ सय ५७ पैसा ६१ रुपैयाँ रहेको छ। भने नगरपालिका कार्यालयबाट संकलित रू २७ लाख ९७ हजार ३ सय ८८ पैसा २६ रुपैयाँ संकलन गरेको आठविसकोट नगरपालिकाका नगर प्रमुख केसीले जानकारी दिएका छन्। यस्तै कर संकलन केन्द्रबाट रू २ लाख २३ हजार २ सय १५ रुपैयाँ संकलन गरिएको छ । त्यस्तै आठविसकोट नगरपालिकाले सञ्चालन गरेको नगर अस्पतालबाट रू १८ लाख ३९ हजार ५ सय ४० रुपैयाँ र नगर प्रहरीबाटरू १ लाख ७७ हजार १ सय रुपैयाँ संकलन गरीएको छ । आठविसकोट नगरपालिको विभिन्न शाखाबाट रू २५ लाख ३२ हजार ७ सय ७० रुपैयाँ, नगर क्यान्टिनबाट रू १५ हजार रुपैयाँ र घरजग्गा रजिष्ट्रेशन शुल्कबापत रु ३६ लाख ९८ हजार ७ सय २५रुपैयाँ संकलन गरिएको छ। यसैगरी पशुसेवा कार्यालयबाट रू ५ हजार ६ सय ९२ रुपैयाँ रहेको छ।

# जीर्ण घरमा तीन आमा छोरीको विच्चली

**प्रभात गुरुङ /रेखदेख**
**रुकुम पूर्व**

भूमे गाउँपालिका-१ रुजीखोलाका एक परिवार जीर्ण छानो मुनि रात कटाउन बाध्य रहो छन्। लामो समय भारत बसेर फर्केका परिवार अस्थायी घर निर्माण गरेर बसेका थिए। परालको छानो जीर्ण भई चुहिन थालेपछि त्रिपालले छोपेका थिए। अहिले त्यो पाल पनि जीर्ण भएपछि परिवार थप समस्यामा परेका छन ।

पानी परेको रात छिमेकीको घर गुहार्न बाध्य परिवारमा अहिले आमा धनमता पुन सहित एक छोरा र तीन छोरी मात्रै घरमा छन्। श्रीमान कुल बहादुर पुनको मृत्यु भएको चार बर्ष भयो।

जेठो छोरो अखिल पुन १९ वर्षको भयो विगत केही वर्ष देखि बेखबर छ। तीन कक्षा मात्रै पढेर विद्यालय छोडेको कान्छो सुनिल गाउँमै अरुको घरमा काम गरेर बसेको छ । जेठी छोरी रेखा कलिलो उमेरमै विवाह गरि गएपछि तीन बहिनी सन्तोषी पुन, बमकुमारी पुन र पछ्याउरी पुन सहित आमा धनमता मात्रै घरमा बसेका छन्।

तीन छोरी विद्यालय जाने, जेठो छोरा बेखबर र कान्छो छोरा गाउँमै बरालिएर हिँडेपछि आमा एक्लैले के गर्नु के गर्नु भएको छ।

कान पनि नसुन्ने आमाले नै सबै बोझ थामिरहेको छ, एक जना छिमेकी चामु पुनले भने, अहिले प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा खरको छानोलाई जस्तापाता सहुलियतमा दिने भनेपछि पुन परिवार खुसी भएका छन् । तर कहिले पाईन्छ, त्यसको टुंगो नभएको धनमता पुनले बताईन्। उनले भनिन, आवश्यक कागजातहरू जुटाउन थालेको बताईन् । यस्ता पिडामा रहेकाहरूको खोजी गरी सक्दो सहयोगको लागि वडा पालिकाले पनि पहल गरिरहेको वडाध्यक्ष रामचन्द्र पुनले जानकरी दिएका छन्।

रेखदेख
रुकुमको लोकप्रिय पत्रिका
२०७६ जेठ २० सोमबार । 3 June 2019 Monday


'बाटो कहाँ जान्छ , त्यहा नजानुहोस् बरु त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन

## सम्पादकीय

### छात्रबृतिको रकमको दुरूपयोग

सामुदायिक विद्यालयमा अध्यनरत छात्रा तथा दलित विद्यार्थीहरुलाई प्रदान गर्ने छात्रबृतिको रकम दुरुपयोग भएको छ । विभिन्न सामदायिक विद्यालयहरुले छात्रा तथा दलित विद्यार्थीहरुले पाउँने छात्रबृतिको रकम दुरुपयोग गरेको गुनासो वढेको हो। नेपाल सरकार शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिकामा कक्षा १-८ सम्मका दलित छात्रछात्रका साथै छात्राहरुलाई ४ सय रुपैयाँ र ९ र १० कक्षामा अध्ययरत दलित छात्रा-छात्रलाई ५ सय रुपैयाँका दरले हरेक वर्ष छात्रबृत्ति प्रदान गर्ने व्यवस्था गरेको छ। तर कतिपय सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुले राज्यले व्यवस्था गरेको छात्रबृतिको रकम पाउन सकेका छैनन् । प्रधानाध्यपक तथा शिक्षकले मनोमानी र सरोकारवाला निकायको अनुगमन नहुँदा छात्रबृतिको रकम दुरुपयोग भएको हो । विद्यालयहरुल विद्यार्थीहरुलाई छात्रबृतिको रकम नै नबुझाउने, रकम दामासाही बाड्ने जस्ता कार्य समेत कतिपय सामुदायिक विद्यालयहरु` गरेको तथ्य खुलेको छ । अझ अनौठो कुरा के छ भने छात्रबृतिको रकम वितरण नगरे नक्कली कागजजात उठाएर नगर तथा साविकको जिल्ला शिक्षा कार्यालयमा बुझाएर किर्ते कागज बनाएको रहस्य खुलेको छ । त्यसैले राज्य प्रदान गर्ने जुन सुकै सेवा सुविधा कार्यन्वयमा कडाई गरोस् । जसका लागि छुट्याएको हो त्यसैले पाउन् ।

रेखदेख
पाठक वर्गमा अनुरोध
तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरू कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४८८७९७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।
- सम्पादक

# राजनीतिक अराजनीति

विगतमा सरकारमा जान कम्युनिस्ट नेताले दिएको 'राष्ट्रवादी' नारा, जनपक्षीय कुरा र चर्का क्रान्तिकारी भाषण अहिले के भए वा तिनले के गर्दैछन् ? यत्ति हेक्का त नागरिकले निश्चय पनि राखेका होलान् ।





कुलचन्द्र वाग्ले

राजनीतिको अराजनीतिकरण भएको छ । यसैले होला, राजनीतिलाई 'फोहरी खेल' भन्ने उक्ति चलेको । के राजनीति फोहरी खेल नै हो त ? होइन भने किन यस्तो कथन प्रचलनमा आयो र जनसामान्यको जिब्रोसम्म पुग्यो । 'फोहोरी' शब्दले होच्याउने र घोच्याउने कसले बनायो राजनीतिलाई । यसको कारण र कारक को हुन् ? फोहरी खेल अर्थात् असहिष्णु, विकृतिवाहक, पक्षपाती, सर्वजान्ने र अरुको अस्तित्व अस्मितालाई हेप्ने जस्ता दुष्प्रवृत्तिको फोहोरी डङ्गुरमा चुर्लुम्म भएको कारण नै यस्तो उक्तिले राजनीतिक प्रवृत्तिको परिचय गराइएको हुनसक्छ । के राजनीति भनेको साँच्चै 'फोहरी' हो त ?

राजनीतिगर्नेहरुले नै राजनीतिलाई बदनाम गराएका हुन् । फोहरी खेलको संज्ञा दिने मौका र वातावरणलाई यिनैले संपोषित पारेका हुन् । यस कुरामा सबैभन्दा दोषी राजनीति गर्नेहरु नै छन् । राजनीति बाहिरका मानिस त सधैँ राजनीतिलाई राजनीतिजस्तै देख्ने कामना गर्छन् । राजनीतिलाई अराजनीति नबनाइयोस् भन्छन् र राजनीतिको विकृतिविरुद्ध सबैभन्दा बढी मुखर यही राजनीति बाहिरको मानिस हुन्छ । जो राजनीतिले पीडित भएको महसुस गर्छ वा त्यसको प्रत्यक्ष भोक्ता, उपभोक्ता हो ।

राजनीतिकर्मीहरु कुरा आदर्श, सिद्धान्त र निष्ठाको गर्ने व्यवहार चाहिँ स्वेच्छाचारी र निरंकुश हुनखोज्ने । नीतिगत र आर्थिक भ्रष्टाचार वा अन्य विकृत राजनीतिलाई राजनीति'ज्ञ'ले रोक्न सकेनन्, निवारण गरेनन् वा गर्न चाहेनन् ? बरु त्यस्ता दुष्प्रवृत्तिलाई क्रमशः भित्र्याउँदै वा स्वार्थ लिप्साले आँखा चिम्लदै गरे । परिणाम नीतिहरुको मूलनीति नै फोहरको मुहान साबित भयो ।

राजनीति यस्तो भएको कुनै एक दिन र छिनको घटनाले मात्र होइन । कुनै एक राजनीतिकर्मीको कृत्यले मात्र पनि यस्तो भएको वा भनिएको होइन । वर्षौं वर्षको कथा छ, हजारौं राजनीतिकर्मीको कृत्य, कुकृत्य मिसिएर राजनीति फोहरी बनेको हो । फोहरीमात्र होइन होला, 'कालो बादलमा चाँदीको घेरा' भनेजस्तै दुनियाँको कतै किनारा सेतो पनि होला । तर, फोहर कति धेरै भयो भने सफा, सेतो र स्निग्ध राजनीति दृष्टिगोचर नै हुन नसक्ने भयो । यसो हुनुमा दार्शनिक (राजनीतिक) कारण पनि छ । राजनीतिलाई सबैभन्दा बढी विकृत कुनै पनि प्रकारका तानाशाही सत्ता र सरकारले पारेका हुन् । धार्मिक होस् कि वंशीय वा जातीय र वर्गीय अधिनायकवादी सरकारहरुले राजनीतिलाई अराजनीतिक बनाएका छन् । यसको बाच्छिटा प्रजातान्त्रिक भनिएका मुलुक, प्रणाली र सरकार हरुमा पनि परेको छ । उदाहरण यतिबेलाको हाम्रै मुलुक नेपाल पर्याप्त छ । बहुदलीय प्रणाली रहेको मुलुकमा दलहरुले पनि विकृतिवहन गरेका छन् ।

किन अधिनायकवादी सत्ता विकृतिको मुहान भयो त ? सबैभन्दा बढी यस्तो सत्तामा स्वतन्त्रता अभाव वा नियन्त्रित हुन्छ, गरिन्छ । नागरिकको आवाज स्वतन्त्र भएन भने सरकारी स्वेच्छाचारिताविरुद्ध बोल्न सम्भव हुँदैन र विकृति देखेर पनि मौन बस्न वाध्य बनाइएको समाजमा सरकारी विकृति पनि सजिलै भित्रिन्छ र मनपरीतन्त्र समेत हुर्किन्छ ।

सार्वजनिक तहमै सरकारी विकृति वा दलीय स्वेच्छाचारिताविरुद्ध संगठित र वैचारिक विरोध गर्न दलीय वा संगठनात्मक स्वतन्त्रता जरुरी हुन्छ । त्यस्तै स्वतन्त्र पत्रकारिताले कुनै पनि निकायको अनियमिताविरुद्ध आलोचना र आलोचनात्मक सुझाव दिएर विकृतिविरुद्ध जनमत निर्माण गर्छ । जनमत विरोधमा प्रकट हुनसक्दा सरकार, सत्ता र दलहरु वा राज्यका कुनै पनि निकाय अनियमित हुन हच्किन्छन् । नसुध्रिए बहुदलीय प्रणालीमा विकल्प खोज्न जनता स्वतन्त्र रहन्छन् । स्वतन्त्रतामा नै नागरिक समाजको स्वच्छताको आग्रह सबल हुन्छ र त्यसको सुनुवाइ गर्नसमेत कर लाग्छ ।

राज्यको कार्यकारी, व्यवस्थापिका र न्यायालयलगायत सबै निकायको विकृतिविरुद्ध प्रेसले निर्धक्क वा स्वतन्त्र मत दिनसक्दा निर्माण हुने जनमतले अन्ततः विकृतिलाई निरुत्साहित नै गर्ने हो । यसकारण सभ्य समाजमा प्रेस स्वतन्त्रताको वकालत गरिन्छ । जहाँ प्रेस स्वतन्त्र छैन, त्यहाँ नागरिक आवाज पनि स्वतन्त्र छैन भन्ने बुझिन्छ । नागरिक आवाज स्वतन्त्र नहुँदा सत्य थुनिन्छ र सरकारी असत्यको थुतुनो मात्रै बक्बक गर्छ । सत्यले मुख खोल्न स्वतन्त्रता अपरिहार्य छ, यो प्रजातान्त्रिक व्यवस्थामा मात्र सम्भव हुन्छ । अधिनायकवादी सत्ताको 'कथित' प्रेसले नागरिक आवाज र अपेक्षाको प्रतिनिधित्व गर्न पाउँदैन । त्यस्तो प्रेसले सरकारी विकृतिलाई ढाकछोप गर्छ र सरकारी बखानको स्तुतिगान गर्न वाध्य हुन्छ । त्यो सत्तामा प्रेस स्वतन्त्रता प्रतिबन्धित वा बाधित रहन्छ । तिनको काम बज्नु, लेखिनु तर सरकारी प्रशस्तिमै सीमित हुन्छ । अहिलेको कम्युनिस्ट सरकारले प्रेसविरोधी कानुनहरु निर्माणको प्रयत्न गर्नुमा यस्तै मनसाय लुकेको देखिँदैछ ।

जसरी अधिनायकवादी सत्तामा प्रेस स्वतन्त्रता बाधित हुन्छ त्यसरी नै त्यहाँ दलहरु पनि प्रतिबन्धित नै हुन्छन् । एक दलीय वा कुनै प्रकारको तानाशाहीमा दल वा नागरिक समाजको जायज मागका लागि पनि संगठित कार्यक्रम र विरोध सम्भव हुँदैन । सबै सरकारी एकाधिकारले नियन्त्रित हुन्छन् । एकाधिकार अन्ततः विकृतिको कारक र कारण दुवै हो । यसै कारणले कुनै पनि प्रकारको तानाशाही वा अधिकायवादी सत्ता र सरकार मनपरी गर्ने विकृतिको मुहान भएको हो । अब फेरि, राजनीति फोहरी खेल नै हो त भन्ने प्रश्नतिर जाऊँ । राजनीति फोहरी खेल होइन । हुनुपर्ने स्वच्छ, प्रतिस्पर्धी र सहज हो । तर, भएन त्यस्तो र आरोप लगाइयो यस्तो । त्याग, समाज सुधार र बृहत् योगदानका लागि स्वस्थ प्रतिस्पर्धा राजनीतिको प्रमुख गुण वा धर्म हो । यसका लागि स्वतन्त्रता, राज्यका निकायहरुबीच शक्ति सन्तुलन र नैतिक आधार चाहिन्छ । राजनीतिमा यस्तो विशेषता सम्भव प्रजातन्त्रमा मात्र हुन्छ । तानाशाही एकाधिकारवादी मुलुकमा त्यो सम्भव हुँदैन । किन ? त्यहाँ सरकारको विरोध गर्ने स्वतन्त्रता हुदैन । कारण माथि नै भनिसकिएको छ । राजनीतिज्ञ, समाजवादी चिन्तक सीके प्रसाई आफ्नो विश्लेषणात्मक कृति 'मन जे मान्यो सत्य' मा राजनीतिलाई सत्य, निष्ठा, त्याग र सेवाको उत्कृष्ट प्रतिस्पर्धी कर्म हो भन्नुहुन्छ । राजनीतिमा नैतिकताको प्रबल ठाउँ देख्नुहुन्छ उहाँ । त्यतिबेला प्रकाशित हुने राष्ट्रपुकार साप्ताहिकमा उहाँ 'घर भित्र : घर बाहिर' नामको स्तम्भ नियमित लेख्नुहुन्थ्यो । राजनीतिलाई हेर्ने उहाँको दृष्टि र प्रजातान्त्रिक समाजवादको व्याख्या, विश्लेषण त्यस स्तम्भमा पढ्न पाइन्थ्यो ।

राजनीति सीके प्रसाईले सोचेजस्तो, देखेजस्तो भएन, गरिएन । बरु, विकृत भयो, गरियो । राजनीति तपस्या रहेन, सत्यको संघर्ष पनि बनाइएन । बरु बनाइयो उपभोग्य उपयोगी व्यवसाय । यस्तै कारण हुन् राजनीतिलाई फोहरी खेल बनाउने । कारक राजनीतिकर्मी, दल र सरकारहरु नै हुन्, सत्ताको प्रकृति र प्रवृत्ति पनि हुन् ।

नेपाली राजनीतिकर्मीहरु जति उक्लिँदै जान्छन्, त्यति तिनमा अहंकार र दम्भसमेत चढ्दै जान्छ । अधिकांशमा त्यो छ । केही दिन अघिसम्म दाइ भनेका व्यक्तिलाई राजनीतिक अवसरसँगै साथी भन्न थाल्छ र समान सम्बोधन गर्न थाल्छ । यतिसम्म त ठीकै हो तर अझ बढी सिँढी चढेपछि त्यो 'दाइसाथी'लाई चिनेको नचिन्यै गर्न थाल्छ ऊ । त्यो साथीको सुनुवाइ गर्नुमा ऊ आफू तल परेको ठान्न सुरु गर्छ । महाराजगंज, नारायण गोपालचोक नजिक घर र कुनै दिन पसल भएका राजनीतिकर्मी श्रीविनोद भट्टराई भन्नुहुन्छ - 'गिरिजा बाबु प्रधानमन्त्री हुँदा वा नहुँदा आफ्नो निवास महार ाजगंज आउँदा मेरो घरतिर हेर्नुहुन्थ्यो र हात उठाएर अभिभावादन र जय नेपाल इसारा गर्नुहुन्थ्यो । तर , आफ्नै साथी वा जुनियर साथी जब मन्त्री भयो, यो घर नजिक आइपुग्दा विपरीत मुन्टो फर्काउँछ वा पत्रिका र केही पढे जस्तो स्वाँग पार्छ ।' केही वर्षअघि उहाँको व्यक्त अनुभव राजनीतिककर्मी देख्दा यतिबेला झन् झल्झली हुन्छ । भट्टराईको त्यो अनुभव नेपाली राजनीतिको एक हिस्सा बुझाउन पर्याप्त छ । अहिलेका राजनीतिक कर्मीको मुन्टो प्रायः 'विपरीत' फर्किएको छ । अभिवादन सहर्ष स्वीकार्न पनि गारो मान्ने राजनीतिक वर्ग फैलिँदो छ । हार्दिकता विहीन, आत्मीयता हीन, दम्भी र अहंकारी वर्ग । राजनीतिक कुर्चीमा बसेपछि उसले आफूलाई सर्वजान्ने मान्छ, अरुलाई अबुझ ठान्छ । यही प्रवृत्ति नेपाली राजनीतिमा छरपस्ट छ । यस्तै प्रवृत्तिले विकृत र राजनीतिलाई अराजनीतिक बनाउने चरित्रको रुप धारण गर्दै, राजनीतिलाई 'फोहरी खेल'को संज्ञा लायक बनाइदिएको छ । यो सुध्रिन्छ कहिले, कसरी ?

*बाह्रखरी डटकमबाट*



समयमा पानी नपर्दा रुकुम पश्चिमको किसानले खेतबारीको काम गर्न सकेका छैनन् । आकासेपानीको भरमा खेतीपाती गदै आएका किसानहरु लामो समयसम्म पानी नपर्दा मकै रोप्ने तथा धानको व्याड ( बीउ राख्ने) अप्ठेरो परेको बताएका छन् । तस्वीरः **रेखदेख साप्ताहिक**

# व्यवसायीक अलैची खेतीमा किसानहरु

***रेखदेख संवाददाता***
***मुसीकोट***



रुकुमका किसनाहरु व्यवसायी अलैची खेतीमा आकर्षित भएका छन् । कम लगानी परिश्रम र मेहनतबाट राम्रो आम्दानी हुने भएपछि रुकुमका किसानहरु व्यवसायी अलैची खेतीमा लागेका हुन् । परम्परागत खेती प्रणाली भन्दा अलैखी खेतीबाट झण्डै तेव्वर आम्दानी बढी हुने भएपछि एउटै गाउँका ४० घर परिवार व्यावसायीक अलैची खेती सुरु गरेका छन् ।

त्रिवेणी गाउँपालिका गाउँपालिका ६ का ४० घर परिवार करिव ३ वर्षदेखी व्यवसायीक रुपमा अलैची खेती संलग्न रहेका छन् । उनीहरु परम्परागत खेती प्रणाली धान , गहुँ, मकै बाली छोडेर व्यवसायीक अलैची खेती सुरु गरेको स्थानीयबासी मधु पुनले जनाकारी दिएका छन् ।

उनका अनुसार- ‘कम लगानी र परिश्रमबाट परम्परागत खेती प्रणाली भन्दा अलैची खेतीबाट मनग्य आम्दानी हुने भएपछि एकै गाउँका ४० घर परिवारले झण्डै ५० हेक्टर जमिनमा अलैची खेती सुरु गरेका हुन् ।’ खोला खोल्सा र ओशिलो जग्गामा अलैची खेतीबाट मनग्य आम्दानी हुने भएपछि किसानहरु अलैची खेतीतर्फ आर्कषित भएको व्यवसायीक रेशम पुनले जानकारी दिएका छन् । उनले भने, -‘खेर गएको जग्गा खोला र खोल्सामा अलैची खेती गरेका छौं ।’ पछिल्लो समय अलैची खेतीबाट एक घर परिवारले वार्षिक रु २ लाख ५० हजार रुपैयाँ भन्दा बढी आम्दानी गर्न थालेका छन् ।

आकाशे पानीको भरमा परम्परागत खेती प्रणाली गहुँ, मकै खेती गर्ने किसानको पछिल्लो समय अलैची खेतीले जिवनस्तर सुधारेको स्थानीयले बताएका छन् ।

‘पहिले धान, गहुँ खेती गर्दा समयमा मल बीउ पाउनै गाह्रो हुन्थ्यो, गरेको खेतीबाट समेत दुःख नै उठदैन्थ्यो, अहिले भने राम्रै आम्दानी भएको छ पुर्णकला पुनले जानकारी दिएका दिईन् । पछिल्लो समयमा रुकुमका किसानहरु अलैची खेतीतर्फ आर्कषित भएका छन् । रुकुमका एक दर्जन गाविसका किसानहरु समेत अलैचीको व्यवसायीक खेती गरेका छन् ।

जिल्लाको त्रिवेणी गाउँपालिका, चौर जहारी नगरपालिका र मुसिकोट नगर पालिका किसानहरुले अलैची खेतीमा संलग्न रहेको व्यवसायमा संलग्न किसनाहरुले बताएका छन् ।

जिल्ला कृषि विकास कार्यालय रुकुमले समेत जिल्लाको त्रिवेणी गाउँपालिकालाई अलैची पकेट क्षेत्र घोषणा गरी अलैची प्रवर्द्धन गर्ने लक्ष्य रहेको कृषि ज्ञान केन्द्र रुकुम पश्चिमले जानकारी दिएको छ ।

यस TNT टेक्निकल कलेज
मुसिकोट नगरपालिका-१, रुकुम (पश्चिम)

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**पढाई हुने कोर्षहरु**

| ३ वर्षे कोर्षहरु | | १५ महिने कोर्षहरु |
|---|---|---|
| • General medicine(HA)<br>• Staff nurse, pharmacy<br>• Lab techinican (CMLT)<br>• Dental Hyggienic<br>• Radiography | • Diploma in civil<br>• Diploma in electrical<br>• Diploma in computer<br>• Diploma in electronic<br>• I .sc. Ag., vet<br>• foresty | • C.M.A. ANM<br>• Lab assistant<br>• Sub overseer<br>• Agriculture JTA<br>• Vet JTA. Amin |

**हाम्रा विशेषताहरुः-**

- अनुभवी ख्याती प्राप्त बिषयविज्ञ प्रशिक्षकबाट अध्ययन गराईने ।
- प्रत्येक हप्ताको एक पटक मोडेल टेस्ट गराईने र कमजोर विद्यार्थीका लागि छुट्टै कक्षाको व्यवस्था ।
- विद्यार्थीहरुले चाहेको कलेजमा इन्ट्रान्स दिने व्यवस्था मिलाईने
- विद्यार्थीहरुलाई CTEVT को Scholarship मा नाम निकाल्न सफल भएको ।
- विद्यार्थीहरुलाई सत प्रतिशत नाम निकाल्ने गरि पठन पाठन गराईने ।
- उत्कृष्ट विद्यार्थीहरुलाई Scholarship को व्यवस्था भएको ।
- दलित अपाङ्ग पिछडिएको वर्गलाई विशेष छुट गरिने ।
- English Language /Computer Basic पुर्ण रुपमा निशुल्क सिकाईने
- समुहमा आउने विद्यार्थीलाई विशेष छुटको व्यवस्था भएको ।

***नोट : यस रुकुममै TNT टेक्निकल कलेजमा १५ महिने टेलिकम टेक्निसियन कम्प्युटर अपरेटर र विल्डीङ इलेक्ट्रिसियन सञ्चालन भईरहेको व्होरा जानकारी गराईन्छ ।***

**थप जानकारिको लागी**
TNT टेक्निकल कलेज
मुसीकोट न.पा.-१ खलंगा (सानोभेरी एफ.एम. भएको घरमा हाईस्कुल जाने बाटो)
रुकुम (पश्चिम) सम्पर्क : ९८२८०२२८९५ ,९८६९७०७३४० र ९८१०९६९६६५

## बील बुक हराएको सूचना

मिति २०७६ बैशाख १८ गते चौरजहारीबाट आठविसकोट राडि जाने क्रममा मेरो भे.८ प. ७१८३ नम्बरको मोटरसाइकलको बील बुक हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यलय वा मेरो निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु ।

**तपशिल :**
नाम : प्रभात बोहरा
ठेगाना : चौरजहारी नगरपालिका वडा नं.३ रुकुम पश्चिम
सर्म्पक नम्बर : ९८६६१६८९८१

## रेखदेख साप्ताहिक राशिफल

२०- २६ जेठ २०७६
3-9 June 2019

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं. ९८४७८४४०९५**

**मेष :** बोल्दा बिचार गरेर बोल्नु होला । आत्मा बिश्वास जोश जागँरका साथ अगाडि बढदा सफलता रहनेछ । काम गर्ने क्रममा आफन्त तथा अग्रज व्यक्तिहरु सग भेटघाट हुनेछ । सोच बिचारका साथ अगाडि बढदा सफलता छ । अरुको भरमा पर्दा कार्यमा बाधा रहने समय देखिन्छ । बिवादमा नफस्नु राम्रो होला ।




**वृष :** सोचेको कार्यमा केहि ढिलाई रहने समय देखिन्छ । बिगतमा बनाएका योजना तथा कार्यहरु स्थगित रहने देखिन्छ । स्वास्थ्यका लागि खानामा बिशेष ख्याल गरेर अगाडि बढनु होला । आम्दानी थोरै खर्चमा बृद्धि रहने समय देखिन्छ । कुनै पनि जानकारी लिदा सावधानी भएर अगाडि बढदा सफलता छ ।




**मिथुन :** आफन्त तथा छरछिमेकिमा तालमेल मिल्ने छैन । समस्या लाई समाधान गर्ने समय छ । आर्थिक अभाव पर्ने देखिन्छ । बन्नै लागेको कामहरु रोकावट हुन सक्ने भएकोले पुन प्रयास गर्नु होला । साथीहरु सग मध्ययम रहला । यात्राको अवसर मिल्नेछ । पछि फाईदा हुने कार्यमा लगानि गर्ने समय रहेको देखिन्छ ।




**कर्कट :** व्यापार व्यवसायमा फाईदा रहने देखिन्छ । आम्दानीका कार्यहरु बढदै जानेछन । दैनिक कार्यमा ठिकै रहनेछ । सोचेको कार्यमा फाईदा नै रहने देखिन्छ । घर परिवारका आवश्यकता पुरा गर्ने समय रहेको देखिन्छ । मेहनत बाट कार्यमा सफलता रहनेछ । तपाईको कामको राम्रो प्रतिफल मिलनेछ । समय छ ।होला ।




**सिंह :** अरुको भरमा पर्दा कार्यमा समस्या आउला । कार्यको दौडमा अग्रज व्यक्तिहरु सग भेटघाट हुनेछ । समय लाई व्यवस्थापन गर्न नसक्दा समस्या आउने देखिन्छ । आफन्त बाट धोका छ । कामको जिम्मेवारी बहन गर्नुपर्ने समय देखिन्छ । अवसरका लागि केहि जटिल परिस्थितिको सामना गर्नुपर्ने देखिन्छ ।




**कन्या :** आर्थिक लाभ रहने कार्यमा लाग्ने समय देखिन्छ । अरुको काममा समय दिनु पर्नेछ । स्वास्थ्यमा बिशेष ख्याल गर्नु होला । सामाजिक कार्यमा समय दिनु पर्ने देखिन्छ । सोचेको काम बन्ने समय छ । मेहनत बाट कार्यमा सफलता आउला । सहयोगीको साथ र सहयोग रहनेछ । तपाईको कामको राम्रो प्रशंसा हुनेछ ।




**तुला :** कुनै पनि काम गर्दा सावधानी भएर अगाडि बढने समय छ । प्रयास बाट समस्याहरु समाधान गर्ने समय छ । गोपिनियतामा बिशेष ख्याल गर्नुहोला । नयाँ सोचेको कार्यमा सफलता रहनेछ । कुनै पनि कार्य गर्दा सावधानी भएर अगाडि बढनु होला । स्वास्थ्यमा केहि प्रतिकुलता रहने समय देखिन्छ ।




**वृश्चिक :** आम्दानीका स्रोतहरु बढने छन । प्रेम तथा मित्रता क्षेत्रमा अवश्य सफलता आउनेछ । व्यवसायिक यात्राको अवसर जुटने समय देखिन्छ । आफन्तको साथ र सहयोग मिल्नेछ । आधारभुत सामाग्री जोडने योग छ । आर्कषक पोषक लगाउने मन लाग्नेछ । अवसरहरु थुपै आउनेछन अवसर लाई प्रयोग गर्ने प्रयास गर्नुहोला ।




**धनु :** अनाबश्यक खर्चमा बृद्धि रहने समय छ । प्रयास गर्दा कार्यमा सफलता रहने समय देखिन्छ । समय परिस्थिति केहि प्रतिकुल रहनेछ । स्वास्थमा बिशेष ख्याल गरेर अगाडि बढनु होला । आफनो कार्यमा सफलता पाउन संघर्ष गर्नुपर्ने देखिन्छ । तपाईको कार्यमा समस्या दिनेहरु बाट सावधान रहनु होला ।




**मकर :** तपाईको मेहनत बाट कार्यमा सफलता आउला । सन्तान पक्ष बाट साथ सहयोग रहने समय देखिन्छ । प्रतिस्पर्धामा सफलता रहनेछ । व्यापार व्यवसायमा मध्ययम रहनेछ । अरुलाई पछि पार्ने समय रहेको देखिन्छ । सोच बिचार गरेर कार्यमा लाग्दा सफलता आउने छ । नयाँ जानकारी आउने समय छ ।




**कुम्भ :** आफनो योजना गोप्य राखेर अगाडि बढनु होला । सोच बिचार गरेर अगाडि बढदा कार्यमा सफलता रहनेछ । मेहनेति लाई काममा फाईदा नै छ । घर परिवारको साथ सहयोग अवस्य मिल्ने समय रहेको देखिन्छ । बोल्दा बिचार गरेर बोल्नु होला । अनाबश्यक बोल्ने बानीले कार्यमा समस्या आउला ।




**मीन :** बिगतको समस्याले सताउने समय रहेको देखिन्छ । घर परिवारमा केहि असमझदारी बढने समय छ । कुनै पनि काम लाई व्यवस्थापन मिलाएर गर्नु राम्रो होला । दैनिक काम ठिकै छ । तपाईको अल्छि गर्ने बानीले गर्दा कार्यमा ढिलाई हुनेछ । समय परिस्थिति लाई बुझेर अगाडि बढने समय रहेको छ ।



# त्रिवेणी गाउँपालिका पनि छुवाछूत मुक्त

**रेखदेख संवाददाता**
**मुसीकोट**




त्रिवेणी गाउँपालिका पनि छुवाछूत मुक्त घोषणा तथा सद्भावयुक्त गाउँपालिका घोषणा गरिएको छ। गाउँपालिका क्षेत्रभित्र कुनैपनि जातीय विभेद तथा छुवाछूत नरहेको भन्दै शुक्रबार एक कार्यक्रमको आयोजना गरी गाउँपालिकालाई जातिय छुवाछुत मुक्त तथा सामाजिक सदभाव युक्त गाउँपालिका घोषणा गरिएको हो । गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक धारा, कुवा तथा भौतिक संरचना प्रयोग र प्रवेशमा विभेद नरहेको, सबै जात जातीहरुको मन्दिरमा साझा पहुँच रहेको, जातीय कारणले चुलो, भान्सा तथा खानपानमा छुवाछूत नरहेका कारण गाउँपालिकालाई छुवाछुत मुक्त घोषणा गरिएको गाउँपालिकाका प्रमुख झक्कुप्रसाद घर्तिले जानकारी दिएका छन् । उनका अनुसार- गाउँपालिकामा बालिघरे प्रथा उन्मुलन हुँदै जानुका साथै परम्परागत जातीय सिपमा आधारित कामहरुमा सम्मानजनक व्यवहार बृद्धि र कानुनले सामाजिक अपराधका रुपमा लिएको जातीय भेदभावलाई गाउँपालिकावासीले बुझ्दै गएको गाउँपालिका अध्यक्ष घर्तीले बताए । जातिय छुवाछुत मुक्त घोषणा कार्यक्रममा घोषणपत्र प्रस्तुत गर्दै गाउँपालिका अध्यक्ष झक्कुप्रसाद घर्तीले यस सम्बन्धी बिभिन्न नीति तथा कार्यक्रम बनाएर दलितहरुको शिक्षा, स्वास्थ्य, रोजगारी लगायतको क्षेत्रमा प्राथमिकता दिने प्रतिवद्धता जनाएका छन् ।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी शम्भुप्रशाद रेग्मीले राज्य र कानूनमा मुक्त भएपनि व्यवहारमा लागू गर्न गाउँपालिकाले अभियान सुरु गरेकोमा खुसी ब्यक्त गरे। उनले भने, अब कसैले जातीय छुवाछूत तथा विभेद गरे कानून बमोजिम कारवाही गरिने बताए । पछिल्लो समय रुकुम पश्चिमका स्थानीय तहहरु छुवाछूत मुक्त गाउँपालिका बनाउने अभियानमा लागेका छन् ।

यसै अर्न्तगत बाँफिकोट गाउँपालिका जिल्लाको पहिलो स्थानीय तहका रुपमा जातिय छुवाछुत मुक्त तथा सामाजिक सदभाव युक्त गाउँपालिका घोषणा भएको थियो । त्यस्तै जिल्लाको चौरजहारी नगरपालिका र सानीभेरी गाउँपालिका, आठविसकोट नगरपालिका पनि जातिय छुवाछुत मुक्त घोषणा भैसकेका छन् ।

त्रिबेणी गाउँपालिका जातिय छुवाछुत मुक्त घोषणा हुने जिल्लाको चौथो स्थानीयतह बनेको छ। भने जेठ २१ गते भित्र रुकुम पश्चिम जिल्लालाई जातीय छुवाछूत तथा सदभाव युक्त गाउँपालिका घोषणाको तयारी गरिएको छ ।

# डिग्रे शाइकुमारी सहकारीको कुल पूँजी २४ करोड




**रेखदेख संवाददाता**
**रुकुम पूर्व**

डिग्रे शाइकुमारी वचत तथा ऋण सहकारी संस्थाले आफ्नो १४ औं स्थापना दिवस मनाएको छ । बुधबार सहकारी संस्थाको १४ औं स्थापना दिवसको अवसरमा रुकुम पश्चिमका क्रियाशिल पत्रकारहरु सँग छलफल गरेको छ । २०६३ सालमा स्थापना भएको सहकारी संस्थाले आफ्नो १४ औं बर्षमा सहकारी क्षेत्रमा गरेका क्रियाकलापहरुको जानकारी गराएको सहकारी संस्थाका अध्यक्ष वेदराज शर्मा पोखरेले जानकारी दिएका छन् । उनका अनुसार - 'झण्डै ५४ लाख रुपैयाँबाट शुरु गरेको सहकारी यात्राको १४ वर्षमा प्रवेश गर्दा शेयर पुँजी झण्डै ५ करोड पुगेको जनाए ।'

सहकारी संस्थाको कुल पुँजी २३ करोड ९३ लाख १ हजार २ सय ८५ रुपैयाँ रहेको जनाएको छ । यसका साथै सहकारी संस्थाको निक्षेप १४ करोड ४६ लाख ३ हजार ४ सय ७८ रुपैयाँ रहेको अध्यक्ष पोखरेले जनाए ।

सहकारी संस्थाले रुकुम पूर्वको रुकुमकोट, रुकुम पश्चिमको आठविसकोट र झुल्नेटामा शाखा स्थापना गरी जनताहरुलाई सेवा दिदै आएको सहकारी संस्थाका प्रवन्धक यज्ञबहादुर विष्टले जानकारी दिएका छन् ।

उनका अनुसार आगामी वर्षमा रुकुम पूर्वको तकसेरा र रुकुम पश्चिमको चौरजहारीमा शाखा कार्यालय विस्तार गर्ने सहकारी संस्थाको लक्ष्य रहेको जनाएको छ । कार्यक्रममा डिग्रे शाइ कुमारी वचत सहकारी संस्थाका उपाध्यक्ष मनिषा भण्डारी, सचिव ज्ञानु शर्मा, सदस्य यज्ञबहादुर खत्री र गोर्कण खड्का लगायत जिल्लामा क्रियाशिल पत्रकार हरुको उपस्थित रहेको थियो ।

ताजा सामाचार र भरपुर मनोरञ्जन
www.rekhadekh.com मा

जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको विगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

भुमे गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

'सामाजिक परिवर्तनका लागि राष्ट्को पहरेदार'
रेडियो गेमी त्रिवेणी एफ.एम.९४.३
बिहान ५ बजेदेखि राती १० बजेसम्म सूचना, समाचार र संगितको साथी सधै सुन्ने गरौ। साथै रेडियोमा सूचना समाचार र विज्ञापनको लागि सम्पर्क गनुहोला ।
थप जानकारीको लागी
रेडियो गेमीत्रिवेणी एफ.एफ.
मुसिकोट नपा. १ रुकुम फोन नं. ०८८-५३०२५०



# बच्चालाई ज्वरो आउँदा के गर्ने, के नगर्ने ?



शिशुलाई ज्वरो आउँदा अभिभावक पनि शारिरिक र मानसिक रुपमा पीडित हुन्छन् । तर ज्वरो संक्रमणबिरुद्ध जुध्ने शरिरको आफ्नै तरिका हो । कतिपय अवस्थामा ज्वरो एक भाइरल संक्रमण हो जुन आफैं बिस्तारै निको हुन्छ। यसको अर्थ यो होइन कि बच्चालाई उपचार र हेरचाहको आवश्यकता छैन। शिशुलाई उच्च ज्वरो आउँदा निम्न विषयमा बिचार पुग्राउनुपर्छ ।

एन्टिबायोटिक दिन हतार नगर्नुहोस् । हो कतिपय अवस्थामा १०१, १०२, १०३ डिग्री ज्वरो आएका बालबालिकालाई पनि एन्टिबायोटिक आवश्यकता पर्दैन। सामान्य प्यारासिटामोल सिरप खुवाएर पनि ज्वरो घटाउन सकिन्छ। स्मरणीय होस् ब्याक्टेरियाको संक्रमणले ज्वरो आएको चिकित्सकले पहिचान गरेपछि मात्र एन्टिबायोटिक दिइन्छ ।

हातको विशेष सरसफाई गर्नेः संक्रमणलाई न्यून गर्न पनि बार म्बार बिरामीको हात मन तातो पानीले धोइदिनुपर्छ । खाना खानु अगाडि र पछि एन्टिसेप्टिक प्रयोग गर्नुपर्छ। सधै ताजा खानेकुरा खान दिनुहोस्। फलफुल, घरमै बनाएको फलफुलको जुस, घरमै बनाएको अन्य खानेकुरा खुवाउँदा बच्चाको प्रतिरोधी क्षमता राम्रो हुन्छ ।

ज्वरोसँगै बच्चालाई वान्ता र पखला लागेको छ भने उसलाई जबरजस्ती नखुवाउनुहोस्। बरु झोलिलो कुरा र पानी पिउन दिनुहोस् । फलफूलको जुस र पानीले डिहाइड्रेसनबाट बचाउँछ। बच्चाको खानेकुरामा प्रशस्त सागसब्जी (प्रोबायोटिक डाइट) समावेश गर्नुहोस्। यसले पाचन पक्रियामा सहयोग गर्नुका साथै प्रतिरोध क्षमतालाई सुर्धाछ।

शरिरको तापक्रम घटाउन मन तातो पानी वा चिसो पानीमा नरम लुगा भिजाएर टाउको र पैतलामा राखिदिनुहोस्। तापक्रम बढ्ने वित्तिकै यो प्रक्रियालाई दोहोर्याउन सक्नुहुन्छ ।

बच्चाले पिसाब गरेको छ छैन भन्ने तर्फ पनि ख्याल गर्नुहोस्। ज्वरो आउदा बच्चाले पाँच छ घन्टासम्म पनि पिसाब फेरेको छैन भने उसलाई डिहाइड्रेसन भएको हुन सक्छ । यस्तो अवस्थामा ग्लुकोज पानी चढाउनुपर्ने हुन्छ ।

वान्ता गरेपछि तरल वा अन्य कुनै खानेकुरा खान नदिनुहोस्। कुनै खानेकुरा वा जुस दिनुअगाडि वान्ता गरेपछि कम्तिमा ३० मिनेट कुर्नुहोस् ।

बच्चाको ज्वरो तीन दिनसम्म पनि घटेन र दिनमा पाँच पटकसम्म वान्ता गरेमा तपाईंले वाल विशेषज्ञको सहयोग लिनुपर्छ। यस्तो अवस्थामा अस्पतालमा बच्चाको रगत र पिसाब जाँच गरिन्छ।

धैर्य रहनुहोस् । अभिभावकको शान्त स्वाभावले पनि बच्चालाई छिटो निको हुन सजिलो बनाउँछड . *स्वास्थ्य खबरटकमबाट*

# महतगाउँमा सञ्चालन तालिमको अनुगमन

**बिक्रम परियार/रेखदेख**
**रुकुमकोट**

रुकुम पूर्वका महत सञ्चालन गरिएको रुमाल बुन्ने तालिमको अनुगमन गरिएको छ । रुकुम पुर्वको भुमे गाउँपालिका ६ महत गाउँमा सञ्चालन गरिएको तालिमको अनुगमन सरोकारवाला निकायहरुले गरेका हुन् ।

गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम अन्तरगत घरेलु तथा साना उद्योग बिकास समिति रुकुम पुर्व र डेप्लमेन्ट सोसाइटी नेपाल रुकुम पुर्वको आयोजना र भुमे गाउपालिकाको सहजिकरणमा तालिम सञ्चालन गरिएको छ । महतका महिलाहरुलाई रुमाल बुन्ने तालिम बङ्गुर पालन, बुटिक तालिम लगायत डर्कमी तालिम सञ्चालन गरिएको छ । तालिम पाएपछि स्थानीय खुसी भएका छन् । तालिमको अनुगमन रुकुम पुर्वका पमुख जिल्ला अधिकारी मित्रलाल शर्मा, जिल्ला समन्वय समिति प्रमुख गजेन्द्र बहादुर ओली, घरेलु तथा साना उद्योग बिकास समिति प्रमुख नगेन्द्र प्रशाद नेपाल , रुकुमकोट उद्योग वाणिज्य संघका अध्यक्ष यज्ञप्रकाश मल्ल, भुमे गाउपालिका उपाध्यक्ष मन कुमारी बिष्ट , जिल्ला समन्वय सदस्य बिष्णु नेपाली, जिल्ला समन्वयका चिन्तामणि दाहाल, लगायत जनप्रतिनिधि समेत अनुगमन रहेको थियो ।

तालिममा ७४ जना सहभागि रहेको घरेलु तथा साना उद्योग बिकास समितिका खरिदार लोकबताए ।

## साहित्य : मुक्तक

तिमीलाई छोडी अन्तै नाता जोडने छैन सानु
पवित्र यो हाम्रो नाता तोड्ने छैन सानु
हो यो दुनियाँले त केके भन्छ भन्न दिन्छु म
तिमीलाई छोडी बाटो अन्तै मोड्ने छैन सानु ॥

माया लाए धोका खाए मर्न मन लाग्दो रहेछ
जंघार तर्दा ली बग्दा मर्न मन लाग्दो रहेछ
मुखले एउटा व्यबहार एउटा भएपछी तिम्रो
किन किन यो संसार छोड्न मन लाग्दो रहेछ ।

छिमा केसी (मुस्कान)
त्रिवेणी-७ रुकुम पशिचम

# जनहितमा जारी सन्देश

रुकुम जिल्ला २०७१ साल पौष ७ गते नेपालको १८ औं खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको छ । भने सन् २०२० सम्ममा रुकुमको सम्पूर्ण गाउँपालिका र नगर पालिकाका साथै जिल्लालाई नै पूर्ण सरसफाई घोषणा गर्ने लक्ष्य रहेको हुँदा सम्पूर्ण रूकुम जिल्लाबासी दाजुभाई, दिदी बहिनीहरूमा तपशिलमा उल्लेखित पूर्ण सरसफाईका ६+१ सूचकहरु पुरा गरी साविकका गाविस तथा हालका वडा तथा गाउँपालिकाहरूलाई पूर्ण सरसफाईयुक्त घोषणा अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल :**

१) योजना तर्जुमा तथा व्यवस्थापन
२) चर्पीको समुचित प्रयोग (घरायसी, संस्थागत र सार्वजनिक)
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने (घरायसी, संस्थागत र सार्वजनिक)
४) सुरक्षित पानीमा पहुँच तथा प्रयोग
५) सुरक्षीत खानाको प्रयोग
६) घरायसी एवं संस्थागत सरसफाई
७) वातावरणीय सरसफाई

**डिभिजन प्रमुख**
**खानेपानी तथा सरसफाई डिभिजन**
**कार्यालय रुकुम (पश्चिम)**

# ब्यक्तिगत घटना घटेको ३५ दिन भित्रै दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ । स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ । त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं । साथै विबाह, बसाईसराई, मृत्यु र सम्बन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

**सानीभेरी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

प्रो.नवराज ओली
९८६६९६६५२२
९८०३५०८८५२
निराजन गार्मेन्ट एण्ड सप्लायर्स
मुसिकोट नगरपालिका १ कालिका मन्दिर अगाडी
रुकुम (पश्चिम)



हामीकहाँ विभिन्न किसिमका बोर्डिङ्ग, स्कुलका ड्रेस, गेमसर्ट, ट्र्याक सुट, लेडिज एण्ड जेन्स जकेट सर्ट,टिसर्ट, टाइबेल्ट, सुइटर, ब्याग, स्कुल ब्याग लगायतका विभिन्न किसीमका आधुनिक कपडाहरु निर्माण गरिन्छ ।



घरेलु तान मार्फत धागो कात्दै रुकुम पूर्वकी एक महिला । यहाँका महिलाहरु स्थानीय कचचा पर्दाथको प्रयोग गरेर राडिपाखी निर्माण गर्ने गर्दछन् । तस्वीर : रेखदेख

# दुनियाँका अनौठा रेस्टुरेन्ट

विश्वमा कैयन् यस्ता अनौठो खालका रेस्टुरेन्टहरु छन् जो कुनै आश्चर्यभन्दा कम छैनन् । ती रेस्टुरेन्टमा विचित्र कुरा देख्न मात्र होइन, स्वाद लिन पनि पाइन्छ ।

■ चीनमा एउटा यस्तो रेस्टुरेन्ट छ, जसको दृश्य जेलको जस्तै छ । जेलमा बन्द कुनै कैदीजस्तै गरी त्यहाँ मानिसहरु उक्त रेस्टुरेन्टमा बसेर खानु पर्दछ । तियानजिन सहरमा रहेको उक्त रेस्टुरेन्ट सन् २०१४ मा खुलेको हो ।

■ लाट्भियाको राजधानी रिगामा एउटा यस्तो रेस्टुरेन्ट छ, जुन पूर्णतः अस्पताल जस्तै छ। त्यहाँका शेफहरु डाक्टरको पहिरनमा हुन्छन् भने वेट्रेसहरु नर्सको पहिरनमा देखा पर्दछन्। रेस्टुरेन्टमा आउने ग्राहकहरु बिरामीजस्तै गरी खाना खानु पर्दछ ।

■ ताइवानको ताइपेइ सहरस्थित एउटा रेस्टुरेन्टचाहिँ हवाईजहाज जस्तै छ । त्यसको नाम पनि हवाईजहाज जस्तै ए ३८० राखिएको छ । उक्त रेस्टुरेन्टमा छिर्दा कुनै विमानभित्र पसेजस्तो अनुभव हुन्छ ।

■ पश्चिमी हलिउडस्थित ओपाक्यू क्याफे नामको एक रेस्टुरेन्ट रहेको छ जहाँ अँध्यारोमा बसेर खानु पर्दछ । अर्को रोचक त के भने त्यहाँ काम गर्ने सबै वेटरहरु दृष्टिविहीन छन् ।

■ रुसको राजधानी मस्कोमा एउटा यस्तो रेस्टुरेन्ट छ जहाँ केवल जुम्ल्याहाहरुले मात्र काम गर्दछन् । वेटरदेखि बार टेन्डर्ससम्म सबै जुम्ल्याहा नै छन् । उक्त रेस्टुरेन्टमा खानाको स्वाद लिन मात्र होइन, जुम्ल्याहाहरु हेर्नका लागि पनि ग्राहकको भीड लाग्दछ ।

एजेन्सीको सहयोगमा



विश्वमा कैयन् यस्ता अनौठो खालका रेस्टुरेन्टहरु छन् जो कुनै आश्चर्यभन्दा कम छैनन् । ती रेस्टुरेन्टमा विचित्र कुरा देख्न मात्र होइन, स्वाद लिन पनि पाइन्छ ।

## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाउऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

सिस्ने गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो ।


कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भदेभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

**त्रिवेणी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

## शरीर मात्र स्वस्थ भएर पुग्दैन मन पनि स्वस्थ हुनुपर्छ ...



एक्लै बस्न रुचाउने, मन आत्तिइरहने, अरूको कुरा सुन्दैमा झर्को लाग्ने, निद्रा नपर्ने वा बारम्बार आत्महत्याको विचार आएमा .......



अचानक मुर्छा परेर बेहोस हुने, हात खुट्टा अररो (कडा) हुने र मुखबाट फिँज निस्किएमा ...



डराउने, आत्तिने, रूने र स्कुलमा एकपछि अर्को गर्दै बेहोस हुने समस्या देखा परेमा.......




बालबालिकामा पनि टोलाउने, बढी चक्चक् गर्ने, डराउने, चुप लागेर बस्नै नसक्ने ... जस्ता समस्या देखिएमा ......

**नजिकैको स्वास्थ्य संस्थामा उपचार र मनो-परामर्शका निम्ति तुरुन्तै लैजाउँ ..!**

एन. प्याफ. रूकुम | जिल्ला स्वास्थ्य कार्यालय, रूकुम | यु.एम.एन

## हिमाली छापाखाना एण्ड स्टेशनरी पसल

हामीकहाँ फोटोकपी, लेमिलेसन, स्क्रिन प्रिन्ट, फोटो प्रिन्ट, पाठ्यपुस्तक, पत्रपत्रिका, कपडाको झोला छपाई, स्टेशनरी सामान, भिजिटीङ्ग कार्ड, विबाह कार्ड, शुभकामना कार्ड, कम्प्युटर टाईपिङ्ग, स्क्यानिङ्ग, एमआरपी फारम भर्नुका साथै इमेल इन्टरनेट सेवा समेत प्रदान गरिन्छ ।

हिमाली छापाखाना एण्ड स्टेशनरी पसल
मुसीकोट नगरपालिका १ तल्लो बजार रुकुम (पश्चिम)
फोन ०८८-५३०२६९ वा ९८४७९५४१९९, ९८४७९५४०७१

रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रुकुम
फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम